फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(.......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३४८

मिति: २०७९।०२।०९

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश- धनगढी, कर्णाली प्रदेश-सुर्खेत, गण्डकी प्रदेश-पोखरा, मधेश प्रदेश-जनकपुर र १ नं. प्रदेश-विराटनगर ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा ।
श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश मुकाम, बुटवल ।
श्री महानगरपालिका, सबै ।
श्री उपमहानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै ।
श्री गाउँपालिका, सबै ।

विषय :- **COPOMIS मा सहकारीको समष्टिगत विवरण भर्ने/भराउने कार्यमा आवश्यक समन्वय र सहयोग गरिदिने बारे**

देशभरका सवै सहकारी संघसंस्थाको एकिकृत अभिलेख राख्न, नियामक निकायहरुमा विद्युतीय सूचना व्यवस्थापन प्रणाली मार्फत प्रतिवेदन पठाउने लगायतका कार्यका लागि विगत केही वर्षदेखि सहकारी विभागले एकिकृत व्यवस्थापन सूचना प्रणाली (www.copomis.gov.np) संचालनमा ल्याएको व्यहोरा विदितै छ ।

उक्त व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्थाको सम्वन्धमा सहकारी ऐन, २०७४ को दफा ७२ मा सहकारी संघसंस्थाले विभिन्न विवरण र काम कारवाहीको अभिलेख तोकिए वमोजिम सुरक्षित राख्नु पर्ने तथा दफा ७३ मा सहकारी संघसंस्थाले ७३(१)क-ज मा उल्लेखित विवरण सहितको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्नेछ भनी उल्लेख भएको छ । सहकारी नियमावली, २०७५ को नियम २८ को उपनियम (१) मा सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेख विभागले तोकेको तरिका र ढाँचामा राख्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । साथै सोही नियमको उपनियम (४) मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु भन्ने कानुनी व्यवस्था रहेको छ ।

उल्लेखित कानूनी व्यवस्थाका अतिरिक्त सहकारी ऐन, २०७४ को दफा १५०क. वमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी निर्देशन, २०७४ को निर्देशन नम्बर २९ र सहकारी संघसंस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ मा समेत सहकारी

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३३८

---

व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य आवद्धता सम्वन्धी व्यवस्था गर्नुका साथै सहकारी संस्थाले प्रत्येक महिनाको सात गतेभित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतित भएको पन्ध्र दिनभित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतित भएको तीस दिनभित्र वार्षिक वित्तिय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

यसका साथै सहकारी सम्वन्धी नीति तथा योजना निर्माण गर्न सहकारी क्षेत्रको तथ्यांकको अति आवश्यक रहेको र हाल सवै सहकारी संघसंस्थाहरु यस प्रणालीमा आवद्द भई नसकेकाले सहकारीको एकिन तथ्यांक प्राप्त हुन कठिनाई भएको छ । सहकारी सम्वन्धी योजना तर्जूमा, वजेट निर्माण, लक्षित समुहको पहिचान गर्न र सहकारी क्षेत्रको योगदान मापनमा समेत कठिनाई महशुस भएको छ । अतः सहकारी क्षेत्रको सूचना प्राप्त गर्न सहकारी संघसंस्थाहरुलाई प्रणालीमा आवद्धता बढाउन, प्रदेश तथा स्थानीय तहका दर्ता एवं नियामक निकायहरुको सकृय भूमिका निर्वाह गर्न, सहकारी संघसस्थाहरुलाई युजरनेम र पासवर्ड उपलब्ध गराउन, तालिम, अभिमुखीकरण लगायत प्रवर्धनात्मक कार्यहरु गर्न/गराउन र www.copomis.gov.np प्रणालीमा पहुँच पुर्‍याउने उद्देश्यले सहकारी संघसंस्थाको समष्टिगत तथ्यांक तथा विवरणहरु **आ. ब. २०७८।०७९ को आषाढ महिना भित्र र तत्पश्चात हरेक वर्षको माघ महिना भित्र एकपटक अनिवार्य रुपमा प्रविष्टि गर्ने कार्यको** लागि विभागले तोकेका ढाँचाहरुमा नियमित रुपमा तथ्यांक प्रविष्टिका लागि सहकार्य, समन्वय एवं सहिजकरण गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

***पूनश्चः*** *यस सम्वन्धी सूचना सहकारी विभागको वेभसाईट www.deoc.gov.np र www.copomis.gov.np मा समेत हेर्न सकिनेछ । User name र Password नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक निकाय वा सहकारी विभागमा सम्पर्क गरी User name र Password लिन सकिनेछ । सहकारी विभागको इमेल ठेगाना sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक इमेल बढीमा ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनु हुन समेत अनुरोध गरिन्छ । सोको जवाफ बढीमा तीनदिन भित्र उपलब्ध गराइनेछ ।*

..................
(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार